शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

## कर्मचारीको वैयक्तिक विवरण (सिटरोल) दर्ता गर्ने सम्बन्धी सूचना।

मिति : २०८२/१२/०३

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालको च.नं. १५९८ को पत्र बमोजिम प्रदेश लोक सेवा आयोगको सिफारिसमा स्थानीय निजामती सेवाको पदमा स्थायी नियुक्ति भएका कर्मचारीको वैयक्तिक विवरण (सिटरोल) दर्ताका लागि स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम १२ बमोजिम चार प्रति सिटरोल फाराम (अनुसूची- ४) भरी तपसिलका कागजातहरु उल्लेख भए बमोजिम माथिबाट तल क्रमशः मिलाई आजको मितिले सात दिन (कार्यालय समय) भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

१. सिटरोल फाराम चार प्रति (A4 साइजको नेपाली कागजमा एकापट्टी मात्र छापिएको हुनुपर्ने),
२. पदस्थापन पत्र र पदस्थापन भएको कार्यालयमा हाजिर भएको जानकारी पत्र,
३. नियुक्ति हुँदाको समयको हाजिर भएको जानकारी पत्र,
४. स्थायी नियुक्ति पत्र,
५. नेपाली नागरिकताको प्रमाणपत्र,
६. SLC/ SEE देखिका शैक्षिक योग्यताको कागजात (मार्कसिट/ ग्रेडसिट र चारित्रिक प्रमाणपत्र), विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको समकक्षता प्रमाणपत्र,
७. सम्बन्धित व्यवसायी परिषद् (Council) को दर्ता प्रमाणपत्र (आवश्यक पर्ने सेवा/ समूहको लागि मात्र),
८. निरोगिताको प्रमाणपत्र,
९. शपथ ग्रहण पत्र,
१०. प्रदेश लोक सेवा आयोगको सिफारिस पत्र,
११. आरक्षण/ समावेशी कोटामा सिफारिस भएकाको हकमा सम्वन्धित सिफारिस पत्र,
१२. इच्छाइएको व्यक्तिको विवरण भरेमा नाता खुल्ने प्रमाणित कागजात (विवाह दर्ता प्रमाणपत्र),
१३. यस अघि सङ्घीय निजामती सेवा, कुनै पनि प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवामा रही स्थायी पदमा काम गरेको भए फाराममा सो विवरण स्पष्ट उल्लेख गरी तत्सम्बन्धी लोक सेवा आयोगको सिफारिस, स्थायी नियुक्ती, हाजिर भएको जानकारी र रमाना पत्रको प्रमाणित प्रतिलिपि।

रमा पाण्डे
सहायक प्रशासकीय अधिकृत

Website: https://shitagangamun.gov.np/ E-mail: shitagangamunicipality@gmail.com

Scanned with CamScanner